मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २ गते सोमबार ❑ 16 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशको ३१ अर्ब ९७ करोडको बजेट

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारको बजेट ल्याएको छ । आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आइतबार प्रदेशसभामा उक्त रकमको बजेट प्रस्तुत गर्नुभयो ।

आगामी वर्षका लागि कुल विनियोजित बजेटमध्ये चालुतर्फ रू १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार, पुँजीगततर्फ रू १९ अर्ब नौ करोड ३३ लाख २४ हजार रहेको छ। चालूतर्फ कूल विनियोजनको ३९ दशमलव पाँच प्रतिशत र पुँजीगततर्फ ५९ दशमलव सात प्रतिशत रहेको छ । यसैगरी वित्तीय व्यवस्थातर्फ रु २५ करोड विनियोजन गरिएको अर्थमन्त्री गुरुङले उल्लेख गर्नुभयो ।




बजेटमा खर्च बेहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू सात अर्ब ७३ करोड ८९ लाख, राजस्व बाँडफाँटबाट रू नौ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट रू ४९ करोड ८९ लाख ७७ हजार, रहेको छ। यसैगरी सशर्त अनुदानतर्फ रू तीन अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ रू ६३ करोड ९७ लाख, विशेष अनुदानतर्फ रू ४९ करोड ८६ लाख र प्रदेशको आन्तरिक राजस्व रू पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार तथा चालु वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रू दुई अर्ब २४ करोड ५० लाख ९४ हजार नगद प्राप्त हुने अनुमान गरिएको अर्थमन्त्रीले गुरुङले बताउनुभयो । अर्थमन्त्री गुरुङले बजेटको स्रोतमा न्यून हुने रकममध्ये रू एक अर्ब ७५ करोड आन्तरिक ऋणबाट पूर्ति हुने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । बजेटमा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयलाई रु ११ अर्ब ९८ करोड नौ लाख आठ हजार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई रु दुई अर्ब ८ करोड ६७ लाख ५० हजार, उद्योग तथा पर्यटन मन्त्रालयलाई रु ८४ करोड २१ लाख ९३ हजार छुट्याइएको छ।

साथै वन तथा वातावरण मन्त्रालयका लागि रु एक अर्ब छ करोड ५० लाख ४० हजार र सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयलाई रु दुई अर्ब ३९ करोड ५१ लाख ६७ हजार विनियोजन गरिएको छ । यसैगरी स्वास्थ्य मन्त्रालयलाई रु तीन अर्ब ३२ करोड ७० लाख ४० हजार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका कार्यक्रमहरूका लागि रु तीन अर्ब ८८ करोड ८१ लाख तथा प्रदेश विपद् व्यवस्थापन कोषमा न्युनतम रु १० करोड मौज्दात रहने व्यवस्था मिलाइएको अर्थमन्त्री गुरुङले बताउनुभयो । दिगो आर्थिक वृद्धि मार्फत रोजगरी र आय वृद्धि, गुणस्तरीय र आधुनिक पूर्वाधार विकास, प्रविधिमा दक्ष र उत्पादनशील मानव पुँजी निर्माण तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि गर्नु बजेटको उद्देश्य रहेको अर्थमन्त्री गुरुङले बताउनुभयो ।

## गण्डकीका चार जिल्ला पूर्णखोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेशको तनहुँ, बागलुङ, म्याग्दी र मनाङलाई पूर्णखोप सुनिश्चितता भएको जिल्ला घोषणा गरिएको छ। जन्मेदेखि २३ महिनाभित्रका बालबालिकाले आवश्यक सबै खोप पाएपछि चारवटै जिल्लालाई पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा गरिएको हो।

प्रदेशका बाँकी सात जिल्ला पनि पूर्णखोप सुनिश्चितताको अभियानमा जुटेका छन्। आगामी असारभित्रमा ती जिल्ला पनि पूर्णखोप सुनिश्चित जिल्लाका रूपमा घोषणा हुने प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ । तनहुँ र बागलुङलाई शुक्रबार पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो । म्याग्दीलाई गत वैशाख २८ गते र मनाङलाई यही जेठ ७ गते घोषणा गरिएको थियो । पहिलोपटक २०७५ सालमा गण्डकी प्रदेश नै पूर्णखोप सुनिश्चित प्रदेश घोषणा भए पनि त्यसयता बर्सेनि हरेक स्थानीय तह, जिल्ला र प्रदेशलाई पूर्णखोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने गरिएको हो।

जिल्ला खोप समन्वय समिति बागलुङका सदस्यसचिव घनश्याम सापकोटाले जन्मेदेखि २३ महिना उमेर समूहका बालबालिकाले १३ प्रकारका रोगविरुद्ध लगाइने सम्पूर्ण खोप पाएपछि पूर्णखोप सुनिश्चितता एवं दिगोपना घोषणा गर्ने गरिएको बताउनुभयो । जिल्लाका तीन हजार ५५२ बालबालिकाले उमेरअनुसार पाउनुपर्ने सबै खोप पाएको उहाँको भनाइ छ। "कुनै पनि बालबालिका खोपबाट वञ्चित नभएको अवस्थामा पूर्णखोप सुनिश्चित घोषणा गर्ने गरिएको छ, घोषणासँगै यसको दिगोपनाका लागि हरेक वर्ष खोप अभियान सञ्चालन हुने गर्छ", उहाँले भन्नुभयो । खोप लगाउनबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनेर खोजीखोजी खोप लगाउने गरिएको सदस्यसचिव सापकोटाले बताउनुभयो । गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले खोप कार्यक्रम तीनै तहका सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । नियमित खोप पाउनु बालबालिकाको अधिकार रहेकाले उनीहरूलाई खोप दिलाउनु राज्यको दायित्व रहेको उहाँको भनाइ छ। मृत तथा नवजातशिशु मृत्युदर घटाउन पूर्णखोप अभियानले सहयोग पुर्‍याइरहेको मन्त्री पाठकले बताउनुभयो। प्रदेशका झन्डै २५ हजार बालबालिकालाई नियमित खोपको दायरामा ल्याइएको उल्लेख गर्दै उहाँले सबै जिल्ला घोषणा भएपछि गण्डकीलाई पूर्णखोप सुनिश्चित प्रदेश घोषणा गरिने बताउनुभयो।

## इजरायल र इरानमा रहेका सबै नेपाली सुरक्षितः परराष्ट्र मन्त्रालय

**रासस**
काठमाडौं, १ असार

परराष्ट्रमन्त्री डा आरजुराणा देउवाले इजरायल र इरानबीच पछिल्ला तीन दिनदेखि विकसित घटनाक्रमका सन्दर्भमा सो क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा चासो व्यक्त गर्दै उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित मुलुकका नेपाली राजदूतलाई निर्देशन दिनुभएको छ।

मन्त्री डा राणाले इजरायलको तेल अभिभ र कतारको दोहास्थित नेपाली राजदूतहरूलाई टेलिफोन सम्पर्क गरी नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेर काम गर्न, निरन्तर सम्पर्कमा रहन र सम्बन्धित मुलुकले जारी गरेका सुरक्षा सतर्कतासम्बन्धी अद्यावधिक सूचना नियमित रूपमा प्रवाह गरी नेपालीलाई निरन्तर सुसूचित गर्न निर्देशन दिनुभएको छ । हाल इजरायलमा करिब पाँच हजार ५०० र इरानमा करिब १२ जना नेपालीहरू रहेको र उहाँहरू सबैजना सुरक्षित रहेको जानकारी प्राप्त भएको मन्त्रालयले जनाएको छ।

इजरायल र इरानबीच विकसित उक्त घटनाक्रमलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको र त्यहाँ रहेका नेपालीहरूको हित सुनिश्चित गर्न आवश्यकताअनुसार उपयुक्त कदम चालिने मन्त्रालयको भनाइ छ।

## विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा जुट्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सम्भावित विपद् जोखिमलाई दृष्टिगत गर्दै तयारीमा लाग्न सबै सुरक्षा निकायलाई आग्रह गर्नुभएको छ।

सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनी पोखराको २४औँ स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रमको उद्घाटन गर्दै उहाँले गण्डकी प्रदेश उच्च विपद् जोखिमयुक्त स्थल भएकाले सम्भावित जोखिमको प्रतिकार्यका लागि तयारी हुनुपर्नेमा जोड दिनुभयो।

यस वर्ष औसतभन्दा बढी वर्षा हुने पूर्वअनुमान गरिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसतर्फ बेलैमा सचेत बन्नु जरुरी रहेको बताउनुभयो । उहाँले सरोकार भएका निकायसँग सहकार्य र समन्वय गर्दै मनसुनजन्य विपद् प्रतिकार्यका लागि कार्ययोजनाका साथ लाग्न सबै सुरक्षा निकायलाई निर्देशन दिनुभयो।

अन्तरराष्ट्रिय सीमासुरक्षासँगै विपद् व्यवस्थापन, राजस्व, भन्सार तथा औद्योगिक सुरक्षालगायत सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिकाको मुख्यमन्त्रीले प्रशंसा गर्नुभयो। सीमित साधनस्रोतका बाबजुद विपद् प्रतिकार्यमा प्रदेश सरकारले सुरक्षा निकायलाई सहयोग गर्दै आइरहेको उहाँले बताउनुभयो । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले देशमा शान्ति सुरक्षाको स्थापनासँगै विपद् उद्धारलगायत क्षेत्रमा सशस्त्र प्रहरी बलले महत्त्वपूर्ण योगदान गर्दै आएको बताउनुभयो।असीमितआवश्यकता र सीमित साधनस्रोतका बीचबाट प्रभावकारी सेवा प्रवाहमा प्रदेश सरकार अघि बढेको उहाँको भनाइ छ । उक्त अवसरमा मुक्तिनाथ बाहिनीलाई विभिन्न रूपमा सहयोग पुऱ्याएको भन्दै नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, दिवसका अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजेता, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारी, विभिन्न विधामा पुरस्कृत हुने प्रहरी कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । उहाँहरूलाई मुख्यमन्त्री पाण्डेसहित पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, गण्डकी प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेल, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, सशस्त्र प्रहरी अतिरिक्त महानिरिक्षक पौडेल, मुक्तिनाथ बाहिनीका बाहिनीपति दीपेन्द्र शाहलगायतले सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो।

कार्यक्रममा सशस्त्र प्रहरी बलका कलाकारद्वारा विभिन्न सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिएको थियो।

## नेकपा माओवादी (केन्द्र) पोखरा महानगरको अध्यक्षमा हरिप्रसाद भण्डारी निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) पोखरा महानगर समितिको अध्यक्षमा हरिप्रसाद भण्डारी निर्वाचित हुनुभएको छ।

आइतबार पोखरामा भएको पदाधिकारीको निर्वाचनबाट भण्डारीले निकटतम प्रतिस्पर्धी जनकराज पराजुलीले १६ मत अन्तरले पछि पार्दै निर्वाचित हुनु भएको हो । भण्डारीले ५१ मत ल्याउदा पराजुलीले भने ३५ मत ल्याउनु भएको निर्वाचन समितिले जनाएको छ।

जेठ २७ गतेदेखि सुरु भएको महानगर सम्मेलनमा प्रारम्भमा सर्वसम्मत नेतृत्व चयनको प्रयास भए पनि सहमति नजुटेपछि अन्ततः मतदान प्रक्रियाबाट नयाँ नेतृत्व चयन गरिएको हो । ८६ जना बिच आइतबार मतदान भएको हो ।

त्यसै गरी उपाध्यक्ष पदमा तीन जना निर्वाचित हुनु भयो । उपाध्यक्षमा अर्जुन मल्ल, पुष्पकमल ढुँगाना र देवीमाया अधिकारी निर्वाचित हुँदा थोरै मत अन्तरले गर्दा उपाध्यक्षका प्रत्यासी दयाराम तिवारी र गीता खनाल पछि पर्नुभयो।

मल्लले ५४, ढुँगानाले ४९, अधिकारीले ५३, मत ल्याउदा खनालले ३२ र तिवारीले १० मत प्राप्त गर्नु भएको बताइन्छ। त्यस्तै, सहसचिवमा चन्द्रबहादुर गुरुङ तथा कोषाध्यक्षमा अनिल परियार विजयी हुनुभएको छ। गुरुङले ५२ मत ल्याउदा सहसचिवका प्रत्यासी भीम नेपालीले भने ३३ मत ल्याउनु भएको थियो भने कोषाध्यक्षमा अनिल परियारले ४९ मत प्राप्त गर्दा प्रतिद्धन्दी रामप्रसाद पाण्डेले भने ३५ मत प्राप्त गर्नु भएको थियो । सचिव पदमा भने यसअघि नै सूर्यप्रकाश तिवारी सर्वसम्मत रुपमा चयन भइसक्नुभएको थियो । यसपटक माओवादी केन्द्रको पोखरा महानगर समितिमा दुई प्यानलबीच प्रतिस्पर्धा भएको थियो । भण्डारी नेतृत्वको प्यानलले सम्पूर्ण पदाधिकारी जित्न सफल भएको छ भने पराजुली समूहबाट कोही पनि विजयी हुन सक्नु भएन् । भण्डारी पक्षलाई पार्टी नेताहरू राजकाजी गुरुङ (करण) र रामजी बरालको समर्थन रहेको बताइएको छ, भने पराजुली समूहलाई नेता दीपक कोइरालाले साथ दिनुभएको श्रोतले जनाएको छ। सम्मेलनको उद्घाटन जेठ २७ गते पोखरा सभागृहमा पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गर्नुभएको थियो।

यसैबिच, अध्यक्ष भण्डारीले निर्वाचनमा जे जे भए पनि अबका दिनदेखि सबै एक भई अघि बढ्ने बताउनु भयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# रुपान्तरण कार्यक्रम नभएको बजेट

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३१ अर्व ९७ करोड ९९ लाख ९९ हजारको बजेट आइतबार सार्वजनिक गरेको छ। आर्थिक मामिलामन्त्री डा.टकराज गुरुङले प्रदेश सभामा बजेट सार्वजनिक गरेका छन। बजेट चालु आर्थिक वर्षको भन्दा ९९ करोड ८५ लाख ७६ हजारले कमी हो। चालु आवका लागि प्रदेश सरकाले ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैयाँको बजेट ल्याएको थियो। प्रदेशको आन्तरिक राजस्व अपेक्षित रुपमा बिस्तार हुन नसकेको, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान विगत वर्षको भन्दा घटेकाले बजेटको आकार यसपटक केही कम भएको छ। साथै नेपाल सरकारले कर्मचारीका लागि बढाएको मासिक ३ हजार महंगी भत्ता व्यवस्थापन गर्नुपर्ने भएकाले चालु खर्च बुद्धि हुन गई विकास बजेटमा चाप परेको अर्थमन्त्रीको  भनाई छ। बजेट कार्यान्वयनबाट प्रदेशको मुल आधार भौतिक पूर्वाधार निर्माण, रोजगारी बृद्धि, आर्थिक क्रियाकलापमा बढोत्तरी हुनुका साथै नागरिकको जीवनस्तरमा सुधार आई समुन्नत प्रदेशको आधारशीला तयार हुने विश्वास सरकारको छ।

चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक बृद्धिदर आधारभूत मूल्यमा ४.८८ प्रतिशत र उपभोक्ता मूल्यमा ५.५१ प्रतिशत हुने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा यो बृद्धिदर ३.७८ र ४.०९ प्रतिशत रहेको थियो। हालसम्म ९९.७ प्रतिशत नागरिकमा विद्युत पहुँच पुगेको, आधार भूत खानेपानीको पहुँच ९५ प्रतिशत र सरसफाईको पहुँच ९८ प्रतिशत जनसख्यामा पुगेको छ। बजेटमा रुपान्तरण हुने कार्यक्रम नभएपनि केही नारा दिइएको छ। राउन्ड फेवा भ्यू फेवा कार्यक्रम, प्रदेशको उत्पादन, प्रदेशको पहिचान, पोखरा जाऔं प्रकृति र संस्कृतिसंग रमाऔ, गण्डकको खास, बसौं घरबास, हिमाल संरक्षका लागि माछापुच्छे संवाद कार्यक्रम गरिने, पोखरामा अन्तराष्ट्रियस्तरको वानस्पतिक पर्यटकीय पार्क निर्माण गरिने जस्ता विषय बजेटले समेटेको छ। यसैगरी सुरक्षित आप्रवासन कार्यक्रमलाई ८५ वटै पालिकामा विस्तार गरिने, सवारी चालक अनुमति पत्रको छपाई प्रदेशबाटै गर्नकालागि १० करोड छुट्टाइएको, राइड सेयरिङ र सेल्फ ड्राइभिङलाई प्रभावकारी रुपमा नियमन र व्यवस्थापनको प्रवन्ध मिलाइएको र प्रदेश राजस्व व्यवस्थापन कार्यालय स्थापना गर्ने बजेटमा छ। पोखरा गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि सबै भन्दा बढी भौतिक पूर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालयलाई सबै भन्दा बढी बजेट विनियोजन गरेको छ। सडकलगायत पूर्वाधारको क्षेत्रलाई प्राथमिकतामा राखेर प्रदेश सरकार गठन भएयताको ८ वर्षको अवधिमा यो मन्त्रालयलाई नै सबैभन्दा बढी बजेट छुट्टाउँदै आइएको छ।

प्रदेश सरकार स्थापना भएदेखि चालू आर्थिक वर्ष २०८१/८२ को अवधिमा सवा २ खर्ब बजेट विनियोजन भएको छ। यो ८ वर्षको अवधिमा प्रदेश सरकारले संघको अनुदान, आन्तरिक ऋण र आफ्नै आम्दानीसहित २ खर्ब २५ अर्ब रुपैयाँ बराबरको बजेट प्रदेशसभाबाट पारित गरेको हो। स्थापनाकालदेखि हालसम्म सरकारले ८ वटा बजेट प्रस्तुत गरेको छ। तर विनियोजनको औसत ६० देखि ७० प्रतिशत मात्रै बजेट खर्च भइरहेको आँकडाले देखाउँछ। यति ठुलो रकम खर्च नहुँदा प्रदेशको विकास गति र सरकारको कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ। गण्डकीले आन्तरिक आम्दानीबाट लक्ष्यको ५० प्रतिशत पनि प्राप्त गर्न सकेको छैन। एकातिर बजेट खर्च नहुने र अर्कोतिर आन्तरिक आम्दानी बढाउने क्षमता विकास गर्न नसक्नुले संघीयतामाथि प्रश्न गर्नेलाई बल पुगेको  छ।

आधार वर्ष २०७४/७५ मा गण्डकीको बजेट १ अर्ब २ करोड थियो। पूरै संघको अनुदानबाट चालू खर्च चलाउन पठाइएको उक्त बजेट ३० करोड हाराहारी खर्च भयो। पछिल्लो वर्ष २४ अर्ब २ करोडको बजेट ल्यायो। त्यसयता प्रत्येक वर्षको बजेट ३० अर्ब भन्दा माथि छ। सबैभन्दा धैरै आर्थिक वर्ष २०७९/०८० मा ३५ अर्ब ९० करोडको बजेट ल्याएको थियो। त्यही वर्षको बजेट कार्यान्वयन सन्तोषजनक छैन। ६५ प्रतिशत बजेट मात्रै उक्त वर्ष खर्च भएको थियो। सरकारले बजेटसँगै ल्याउने मध्यमकालीन खर्च संरचनाको अनुमान अनुसार वास्तविक बजेटको आकार कहिल्यै तालमेल मिलेको देखिँदैन। यसबाट एकातिर बजेटको प्रक्षेपण गर्ने क्षमतामा प्रश्न उठाएको छ भने अर्कोतिर संघसँगको परनिर्भरतालाई बढाउँदै लगेको देखिन्छ। हरेक वर्ष ५ अर्बको आन्तरिक आम्दानी अनुमान गरेको प्रदेश सरकारले ३ अर्ब भन्दा बढी उठाउन सकेको छैन।

चालू आर्थिक वर्षमा समेत प्रदेश सरकारले कुल बजेटको ६३ प्रतिशत हाराहारी मात्रै खर्च गरेको छ। अर्थ मन्त्रालयको विवरण हेर्दा १ खर्ब ४१ अर्ब रुपैयाँ चालू र पुँजीगत शीर्षकमा बजेट खर्च भएको छ। अर्थात्, विनियोजनको ८४ अर्ब हाराहारी खर्च हुन सकेको छैन। प्रस्तुत हुने बजेट वक्तव्यले आगामी आर्थिक वर्षको बजेट चालू वर्ष भन्दा १ अर्ब घट्ने अनुमान गरिएको छ। चालू वर्षमा ३२ अर्ब ९  सरकारले पछिल्लो वर्ष २०७८/०७९ मा घटाएर बजेट ३१ अर्ब ३५ करोडमा झाऱ्यो।२०७९/८० मा हौसिएर चुनावी बजेट ल्याएको सरकार त्यसपछिका वर्षमा घट्दो अवस्थामा छ। २०७९/०८० मा ९० करोडको बजेट ल्याएको थियो। पछिल्लो वर्ष २०८०/०८१ मा ३३ अर्ब ४२ करोड र चालू वर्षका लागि झन् घटाएर ३२ अर्ब ९७ करोडको बजेट सार्वजनिक गरिएको हो। बजेटको मुख्य स्रोत संघ सरकारबाट आउने अनुदान र राजस्व बाँडफाँट नै हो। प्रदेशले नयाँ  कार्यक्रम ल्याउन नसक्ने हो भने  बेल पाकेर  हर्ष न विस्मात  हुनेछ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# दुर्गा मन्दिरको कोटी दिप प्रज्वलनको आम्दानी खर्च सार्वजनिक



**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनमा रहेको दुर्गा मन्दिरले गत चैत्रमा सम्पन्न गरेको कोटि दिप प्रज्वलन कार्यक्रमको आय व्यय सार्वजनिक गरेको छ।

कार्यक्रमका प्रमुख व्यक्तित्व ८५ बर्षिय मार्कण्ड उपाध्यायले कार्यक्रमको उद्घाटन भएको कार्यक्रममा आर्थिक प्रतिवेदन कोषाध्यक्ष बेदप्रसाद अधिकारी (शंकर) ले प्रस्तुत गरेका थिए।

कार्यक्रममा सविधान सभा सदस्य बिन्दादेवी राना, जनप्रतिनिधि बिष्णु कुमारी थापा, गुप्तेश्वर गुफाका अध्यक्ष लक्ष्मण बास्तोला, छोरेपाटन माबिका अध्यक्ष बद्रीनाथ पहारी, सल्लाहकार तुलसीराम बराल, शितल चौतारी टोल विकास अध्यक्ष कृष्णप्रसाद पोखेल, शुभकामना व्यक्त गरेका थिए।

धार्मिक सस्था, आमा समूह, टोल बिकास सस्था, शैक्षिक सस्था लगायत समाजका लब्ध प्रतिष्ठित व्यक्ति जनप्रतिनिधि, समिति, सल्लाहकारसहितको बृहत भेला सम्पन्न शुक्रबार सम्पन्न भयो। उक्त कार्यमा सहयोगदाताहरुलाई सम्मान समेत गरिएको थियो।

दुर्गा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नारायणप्रसाद अधिकारीले, धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष रबिन्द्रराज बराल र संचालन सचिव ध्रुबराज बरालले गरेका थिए।

# विहादीका तीन सय परिवार खानेपानीबाट वञ्चित

**पोखरापत्र संवाददाता**
पर्वत, १ असार

बजेट अभावका कारण दक्षिण पर्वतको विहादी गाउँपालिका-२ बर्राचौरमा निर्माणाधीन सोती लिफ्टिङ खानेपानी योजना अधुरै रहेको छ। विकट गाउँका जनतालाई पिउने पानीको सुविधा पुऱ्याउने उद्देश्यले निर्माण थालिको योजना बजेट अभावका कारण चार वर्षदेखि अलपत्र छ।

गण्डकी प्रदेश सरकारको रु चार करोड लागतमा बहुवर्षीय खानेपानी योजना निर्माण सुरु भएको थियो। तीन सय घरपरिवारलाई खानेपानी उपलब्ध गराउने लक्ष्यसहित आर्थिक वर्ष २०७७/७८ देखि निर्माण सुरु भए पनि पर्याप्त बजेट विनियोजन नहुँदा अलपत्र बनेको र बनेका संरचनासमेत जीर्ण बन्दै गएको विहादी गाउँपालिका-२ का अध्यक्ष गणेश शर्मा पौडेलले बताउनुभयो। दुई वर्षमा सम्पन्न हुने भनिएको खानेपानीको योजना वर्षौं लाग्दा पनि सम्बन्धित निकायले बजेट विनियोजनमा बेवास्ता गरेको उहाँको भनाइ छ। योजना सम्पन्न नहुँदा पिउने पानीका लागि गाउँलेहरू टाढाटाढाका कुवा र खोलाको पानीमा भर पर्नुपरेको छ। चैतदेखि यता भएका पानीका स्रोत पनि सुकेपछि पिउने पानी लिन दुई घण्टा धाएर कालीगण्डकी किनारमा जानुपर्ने बाध्यता रहेको अध्यक्ष शर्मा पौडेलको भनाइ छ। खानेपानी योजना पूरा नहुँदा वडा नं २ का गैरे, सातविसे, शेरा, ठौवा, बासकोट, कर्मीथर, आरनटोल, उपल्लो बर्राचौर, तल्लो बर्राचौरलगायत क्षेत्रमा पानीको हाहाकार छ।

शेरा टोलकी लीलाकुमारी नेपालीले खानेपानीको हाहाकारले सकस भएको बताउनुभयो। उहाँले भन्नुभयो, "एक गाग्री पिउने पानीका लागि एक घण्टा लगाएर भूपेखोला धाउनुपरेको छ।" घरमा पालेका बाख्रा, भैँसी, बङ्गुर र राँगोलाई पानी खुवाउन पनि समस्या भएको उहाँले बताउनुभयो।

खानेपानी योजनाअन्तर्गत निर्माण गरिएका एक रिजर्भ ट्याङ्की र छवटा शाखा ट्याङ्की लामो समयदेखि प्रयोगविहीन अवस्थामा छन्। बिछ्याइएका पाइप लाइन कच्ची सडक खन्ने क्रममा क्षतविक्षत भएका छन्। 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत केही परिवारका धारा निर्माण गरिए पनि पानी आएको छैन। बस्तीभन्दा तल कालीगण्डकी किनार नजिकै खानेपानी स्रोतबाट एक सय घनमिटरको ट्याङ्की निर्माण गरिएको छ भने ५० घनमिटर बराबरका पाँच ट्याङ्की निर्माण गरी छोडिएका छन्। खानेपानी योजनाको प्रमुख पाइप लाइन र शाखा पाइप लाइन विस्तारको काम पनि पूरा गरिएको छैन। निर्माणको ठेक्का सम्झौता लिएका निर्माण व्यावसायी गिरिजाप्रसाद तिवारीले खानेपानी योजनाको काम ५० प्रतिशत पूरा गरेको बताउनुभयो। बजेट विनियोजन नभएका कारण योजना पूरा गर्न नसकिएको उहाँको भनाइ छ।

अहिलेसम्म रु दुई करोड बढी रकम खर्च गरिसकेको खानेपानी योजनालाई अर्थाभावका कारण पूरा गर्न नसकिएको गुनासो खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोति कुँवरको छ। प्रदेशको खानेपानी मन्त्रालयले बर्सेनि पर्याप्त बजेट विनियोजन नगर्दा  समस्या भएको हो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख किरण पौडेलले योजनाको लागत धेरै, विनियोजित बजेट कम हुँदा समयमै पूरा हुन नसकेको बताउनुभयो। उहाँका अनुसार चालु आव २०८१/८२ मा रु २० लाख विनियोजन भएको थियो। आगामी आव पूरा गर्नेगरी बजेट विनियोजन गर्न माग गरिएको छ।

# गण्डकीमा बजेटको ठूलो हिस्सा पूर्वाधारमा

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सडक, पुललगायत भौतिक पूर्वाधार आयोजनातर्फ रु ११ अर्ब ९८ करोड बजेट विनियोजन गरेको छ। आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आज प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुभएको कुल रु ३१ अर्ब ९७ करोड ९९ लाख बजेटको सबैभन्दा ठूलो हिस्सा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले ओगटेको हो। यो चालु आवको तुलनामा भने रु ७२ करोडले कम हो।

चालु आवमा भौतिक पूर्वाधार मन्त्रालयतर्फ रु १२ अर्ब ७० करोड बजेट विनियोजन गरिएको थियो। उक्त मन्त्रालयको धेरै बजेट सडक र पुलका बहुवर्षीय आयोजनामा खर्च हुने गरेको छ। बजेटमा प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र (एक कृषि सडक, रणनीतिक महत्वका सडक तथा स्थानीय तहको प्रशासनिक केन्द्र जोड्ने सडकको निर्माण तथा स्तरोन्नतिलाई तीव्रता दिइने उल्लेख छ। उत्तर-दक्षिण सडकअन्तर्गतको भिमाद-डेढगाउँ-झ्यालबास-चोरमारा-दुम्कीबास-त्रिवेणी खण्ड, कास्की जिल्लाका सात ताल जोड्ने चक्रपथ, रुपा चक्रपथ, स्याङ्जाको ज्याग्दी करिडोर, म्याग्दी र बागलुङ जोड्ने दरबाङ-ढोरपाटन सडक, तमान-लाममेला-सोले सडक, गोरखाकोचुवाडाँडा-पेल्चेत-कटुञ्जे-काशीगाउँ-केरौजा रुन्चेत सडक, चनौटे-ढिस्का-भच्चेक, शालिग्राम करिडोर र बुद्धसिंह मार्ग निर्माणलाई विशेष प्राथमिकता साथ बजेट विनियोजना गरेको आर्थिक मामिलामन्त्री डा गुरुङले जानकारी दिनुभयो। एसियाली विकास बैंकको सहयोग तथा स्थानीय पूर्वाधार विभागको समन्वयमा ग्रामीण सडक सञ्जाल सुधार कार्यक्रममार्फत गोरखाको अवुवा-बिर्दि-सेराबजार-पौवाटार, पर्वतको पातीचौर-बाजुङ-क्याङ-नागी र कास्कीको घट्टेखोला-धम्पुस-खानीगाउँ तथा नवलपुरको आलोक चक्रपथ कालोपत्रका लागि बजेट विनियोजन गरिएको छ। ती आयोजनाअन्तर्गत आगामी आवमा ७० किमि सडक कालोपत्र हुने जनाइएको छ। यस्तै सडक सञ्जाल नपुगेका गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माणलाई निरन्तरता दिइने आर्थिक मामिलामन्त्री डा गुरुङले जानकारी दिनुभयो। मुस्ताङको कोरला, गोरखाको रुइला र नवलपुरको त्रिवेणी नाकासम्म सडकको विस्तार तथा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिएको उहाँले उल्लेख गर्नुभयो। दिगो र उत्थानशील पूर्वाधार विकासको लक्ष्यसहित सरकारले योजनाको प्राथमिकीकरण गरेको आर्थिक मामिलामन्त्री डा गुरुङले बताउनुभयो। गरिब, अशक्त, अहसहाय, दलित, लोपोन्मुख, सीमान्तकृत जाति, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइएको छ। जलवायु परिवर्तन अनुकूलित हुने गरी एकीकृत सुरक्षित बस्ती विकास तथा सहरी विकास कार्यक्रम सञ्चालन गरिने भएको छ। सङ्घीय सरकार र स्थानीय तहको समन्वयमा सडक, ट्रष्ट ब्रिज पुल निर्माण तथा मर्मत कार्यलाई निरन्तरता दिइने बजेटमा उल्लेख छ। पदयात्रा र साइकिलिङका लागि गोरखाको मनास्लु, लार्केपास-मनाङ-मुस्ताङ र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रूपमा विकास गर्न आवश्यक बजेट विनियोजन गरिएको आर्थिक मामिलामन्त्री डा गुरुङले जानकारी दिनुभयो। प्रदेश सरकारले निर्माण गरेका सडक तथा पक्की पुलको मर्मतसम्भार कार्यलाई प्राथमिकता दिइएको छ। सङ्घीय र स्थानीय तहसँगको समन्वयमा झोलुङ्गे पुल निर्माण र मर्मतका लागि पनि बजेट विनियोजन गरिएको जनाइएको छ। पूर्वाधारतर्फका पुरानै आयोजनामा बजेटको दायित्व थपिएपछि सडकमा नयाँ आयोजना कम परेका छन्। प्रदेश सरकारले आगामी आवका लागि चालुतर्फ रु १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार र पूँजीगततर्फ रु १९ अर्ब नौ करोड ३३ लाख २४ हजार बजेट विनियोजन गरेको हो। प्रदेशको आन्तरिक राजस्व सङ्कलनमा कमी, सङ्घीय सरकारबाट हुने वित्तीय हस्तान्तरणको बजेट कटौती आदि कारणले चालु आवको तुलनामा आगामी आवको बजेटको आकार घटेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

# लुलाङमा टेलिकमको मोबाइल फोन सेवा विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असार

सरकारी स्वामित्वमा रहेको दूरसञ्चार सेवाप्रदायक कम्पनी नेपाल टेलिकमले म्याग्दीको धवलागिरि गाउँपालिका-२ लुलाङमा मोबाइल फोन सेवा विस्तार गरेको छ।

टेलिकमले धवलागिरि गाउँपालिका-२ खोरियाको नयाँ वनमा फोरजी (चौथो पुस्ता)को इन्टरनेट चलाउन मिल्ने बिटिएस टावर स्थापना गरेर साविक लुलाङ गाविसमा मोबाइल फोन सेवा विस्तार गरेको हो।

धवलागिरि गाउँपालिकाको खोरिया, दर, मुना, लमसुङ, लुलाङ, मरेनी, जलजला क्षेत्रलाई लक्षित गरेर बिटिएस टावर सञ्चालन भएको धवलागिरि-२ लुलाङका वडाध्यक्ष अकप्रसाद कुमाईले जानकारी दिनुभयो।

"मुदीमा रहेको बिटिएस टावरको सिग्नल खाल्डोमा रहेको लुलाङको वडा कार्यालय, स्वास्थ्यचौकी, लमसुङ, मरेनी, लुलाङमा राम्रोसँग नटिप्ने समस्या थियो", उहाँले भन्नुभयो, "मोबाइलको टावरले नटिप्ने समस्याका कारण सूचना आदानप्रदानका साथै स्थानीयवासीलाई फोन गर्न टावरले टिप्ने ठाउँमा जानुपर्ने समस्या हटेको छ।"

गत फागुन पहिलो हप्ता बिटिएस टावर स्थापना भए पनि विद्युत् सुविधाको अभावमा सञ्चालन हुनसकेको थिएन। नेपाल विद्युत् प्राधिकरणले गत हप्ता केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार गरेपछि स्थापना भएको चार महिनापछि बिटिएस टावर सञ्चालन भएको हो। टावर सञ्चालनका लागि स्थानीयवासी र गाउँपालिकाले खोरियामा उपकरण राख्ने घर बनाएका छन्। खोरिया क्षेत्रमा एनसेललगायत निजी क्षेत्रका कम्पनीहरूको मोबाइल सेवा उपलब्ध छैन।

# पर्यटकीयस्थल खोपारामा भौतिक पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असार

अन्नपूर्ण गाउँपालिका-५ मा स्थित पर्यटकीयस्थल खोप्रालेक (खोपारा)मा आश्रयस्थल, पदमार्ग, सार्वजनिक शौचालयलगायत संरचना निर्माण गरिएको छ। यहाँ आउने पर्यटकको सहजताका लागि आश्रयस्थल, पदमार्ग, सार्वजनिक शौचालयलगायत संरचना निर्माण गरी स्वच्छ खानेपानीको व्यवस्था गरिएको हो।

गण्डकी प्रदेश सरकारको रु २० लाख बजेटबाट पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले उपभोक्ता समितिमार्फत खोपारा पर्यटन पूर्वाधार योजना सञ्चालन गरेको कार्यालय प्रमुख अमृत कँडेलले जानकारी दिनुभयो। उहाँका अनुसार करिब एक सय ५० जना क्षमताको आश्रयस्थल, दुई वटा सार्वजनिक शौचालय र खोप्राबाट बयलीतर्फ जाने भिरमा पाँच सय मिटर पदमार्ग निर्माण भएको छ। उक्त पदमार्गमा ढुङ्गा पनि बिछ्याइएको उल्लेख गर्दै कँडेलले करिब ६० मिटर पदमार्गको डिलतर्फ फलामको रेलिङ राखिएको बताउनुभयो। "गत वर्ष जडान गरिएको एक हजार ८०० मिटरको पाइपलाई जमिनभित्र गाडिएको छ। यसअघि निर्माण भएको सामुदायिक लजको भवनमा रङगरोगन र भल तर्काउने कुलेसो निर्माण भएको छ", उहाँले भन्नुभयो। समुद्री सतहबाट तीन हजार ६०० मिटर उचाइमा रहेको खोप्रामा योजना सञ्चालन गर्न पाउद्धार गाउँका मजदुर ४५ दिनसम्म त्यही बास बसेका थिए। गाउँबाट आवतजावत गर्न टाढा भएकाले २८ जनाले सम्बन्धित ठाउँमा बास बसेर साँझ बिहानको समयमा पनि काम गरेका उपभोक्ता समितिका अध्यक्ष हरिप्रसाद तिलिजाले बताउनुभयो। गत वर्षपनि प्रदेश सरकारद्वारा प्राप्त रु १२ लाख बजेटबाट यहाँ पर्यटन पूर्वाधार निर्माण भएको थियो। स्थानीयवासीले खोपारा भन्ने यस स्थान पर्यटन क्षेत्रमा खोप्राको नामले चिनिएको छ। सडक विस्तारसँगै अन्नपूर्ण चक्रीय पदमार्गमा छोटिएको पर्यटकको बसाइ र यात्रा अवधि लम्बाउन खोप्रालाई वैकल्पिक गन्तव्य बनाइएको छ। खोपारा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याम्प) भित्र पर्छ। गुराँसको जङ्गलको बीचमा पहाडको टाकुरामा भिरालो भूगोलमा अवस्थित खोपारा जैविक विविधतायुक्त ठाउँ हो।

यहाँबाट अन्नपूर्ण, धौलागिरि, निलगिरि, गुर्जा हिमाल, सूर्योदय, सूर्यास्त, पहाडी भूगोल, वनजङ्गल, वन्यजन्तु, पशुगोठ, ताल, झरनाको दृष्य अवलोकन गर्न सकिन्छ। पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा खोपरा पर्न थालेपछि पर्यटन सहकारी संस्थाले सञ्चालन गरेको सामुदायिक लजको क्षमता वृद्धि गर्न आश्रयस्थलको नयाँ भवन निर्माण गरिएको अन्नपूर्ण गाउँपालिका-५ का वडाध्यक्ष राजेश तिलिजा पुनले जानकारी दिनुभयो।

# दोस्रो संस्करणको ब्याकयार्ड अल्ट्रा नेपालको उपाधि विजय रानामगरलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार




दोस्रो संस्करणको ब्याकयार्ड अल्ट्रा नेपाल प्रतियोगिताको उपाधि धादिङका विजय रानामगरले जितेका छन् । रानामगरले ३० हजार रुपैयाँ नगद, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् भने सन् २०२७ मा अमेरिकामा हुने ब्याकयार्ड अल्ट्रा दौडमा सहभागिता जनाउनेछन् ।

विजेता रानामगरले २५ लूप अर्थात् २५ घण्टामा १६७ दशमलव ५५ किलोमिटर दौड पूरा गरेका थिए । शनिबार बिहान ८ बजे सुरु भएको दौड आइतबार बिहान ९ बजेसम्म सञ्चालन भएको थियो । फिट नेपालको आयोजनामा पोखराको भलाममा सम्पन्न भएको यस प्रतिस्पर्धामा विभिन्न देशका ५२ जना धावकले सहभागिता जनाएको कुरा संयोजक सुवास चन्द्र बस्नेतले बताए ।

आयोजक तथा दौडका निर्देशक जितेश प्रधानले ब्याकयार्ड अल्ट्रा अनौठो र चुनौतिपूर्ण दौड रहेको बताए । उनले बताएअनुसार, सहभागीहरूले हरेक घण्टामा ६ दशमलव ७०५ किलोमिटर दूरी तय गर्नुपर्छ । यो दूरी एक राउन्डको रूपमा लिइन्छ र प्रत्येक राउन्ड १ घण्टा भित्र सम्पन्न गर्न अनिवार्य हुन्छ। दौडको मुख्य विशेषता भनेको, यो कुनै निश्चित दूरी वा समयसम्म मात्र सीमित हुँदैन । दौड तबसम्म चलिरहन्छ जबसम्म अन्तिम एक जना धावक मात्रै बाँकी रहन्छ । त्यस्तै नगद पुरस्कार प्राप्त गर्नका लागि कम्तीमा १२ लूप अर्थात् १२ राउण्ड पार गर्नुपर्नेछ । प्रतियोगितामा मिलन कुलुङले पनि २४ लूप पूरा गरेका छन् । उनी पनि अन्तर्राष्ट्रिय ब्याकयार्ड अल्ट्रा प्रतियोगितामा सहभागी हुने कुरा आयोजकले बताए । प्रतियोगितामा महिला धाविका पदम कुमारी सुनुवारले १२ लूप पूरा गरी २० हजार रुपैयाँ प्राप्त गरेकी छिन् । यस प्रतियोगितामा महिला र पुरुष एउटै समूहमा रहेको हुँदा, सुनुवारलाई प्रोत्साहन स्वरूप उक्त रकम प्रदान गरिएको आयोजक पक्षका इश्वर गुरुङले बताए । यस किसिमको दौडमा सहभागीहरूले प्राकृतिक सौन्दर्यको आनन्द लिँदै जंगली जनावर र चराचुरुङ्गीको आवाज सुन्न पाउने कुरा फिट नेपालको राजीव श्रेष्ठले बताए। सन् २०१० बाट अमेरिकामा ग्रे सेन्ट्रेलले सुरु गरेको यो प्रतियोगिता नेपालमा पनि खेलाडी उत्पादन गर्ने र अन्तर र्राष्ट्रिय रूपमा प्रतिस्पर्धी खेलाडी नेपालबाट सहभागी हुन सक्ने गरी विकास गर्ने लक्ष्य लिएको श्रेष्ठले बताए। ब्याकयार्ड अल्ट्रा नेपालको पहिलो संस्करण गत माघ महिनामा भक्तपुरमा आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा अर्जुन कुलुङ राईले २१ लूप पूरा गर्दै उपाधि जितेका थिए ।

# स्याङ्जाको फेदीखोला आफ्नै भवनमा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १ असार




स्याङ्जाको फेदीखोला गाउँपालिकाले आफ्नै भवनबाट प्रशासकीय काम थालेको छ। जिल्लाकै कान्छो पालिकाका रुपमा चिनिएको फेदीखोला गाउँपालिका स्थापना भएको ९ वर्षपछि आफ्नै भवनबाट प्रशासकीय काम थालेको हो ।

भवन निर्माणको सम्झौताअनुरूप दुई वर्षमा सक्नुपर्ने भएपनि भवन निर्माण कार्यले चार वर्षमा पूर्णता पाएपछि पालिकाले आफ्नै भवन प्रयोग गर्न पाएको छ ।

पालिकाले जेष्ठको दोस्रो हप्तादेखि आफ्नै भवनबाट सेवा दिन थालेको छ । कम्पाउन्डसहित १० रोपनी जग्गा मध्ये ३ रोपनीमा भवन निर्माण गरिएको छ । अन्डरग्राउन्ड पार्किङसहित नवनिर्मित भवनका चार तलामा ३५ कोठा छन् । भवनमा अध्यक्ष र उपाध्यक्षको छुट्टाछुट्टै कार्यकक्षसहित सचिवालय, न्यायिक समिति, प्रशासकीय प्रमुखका साथै विषयगत शाखाका छुट्टाछुट्टै कार्यकक्षको व्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ । पालिकाको नवनिर्मित भवनमा दुईवटा हल, लिफ्ट, १९ वटा शौचालय र एउटा अपाङ्गमैत्री शौचालयसमेत बनाइएको छ। जिल्लामै बनेका पालिकाका भवनमध्ये लिफ्टसहितको भवन फेदीखोलाको पहिलो हो । पाँच नगरपालिका र छ गाउँपालिका रहेको स्याङ्जा जिल्लामा फेदीखोला गाउँपालिकाको भवन नै अन्तिममा निर्माण सम्पन्न भएको छ । संघीयता लागु हुनुपूर्व तीन नगरपालिका पुतलीबजार, वालिङ र चापाकोटले पहिल्यै बनेका भवन प्रयोग गरेका छन् भने संघीयतासँगै बनेका दुई नगरपालिका र पाँच गाउँपालिकाले यसअघिनै भवन निर्माण गरिसकेका छन् । संघीय सरकार स्थानीय पूर्वाधार कार्यालय र फेदीखोला गाउँपालिकाको ६०/४० प्रतिशत लागतमा ८ करोड ५२ लाख २९ हजार रुपैयाँमा भवन निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेलले बताए । उनका अनुसार किराँतेश्वर कन्स्ट्रक्सन कम्पनी काठमाडौंले दुई वर्षमा सक्ने गरेर २०७७ मा भवन निर्माणको सम्झौता भएको थियो । दुईपटक म्याद थपेर दुई वर्ष म्याद गुजारेर भवन निर्माण सकेको अधिकृत पौडेलले बताए ।

पालिका अध्यक्ष घनश्याम सुवेदीका अनुसार निर्माण सकिए पनि निर्माण कम्पनीले एक करोड ३४ लाख ६१ हजार ८ सय ९० रुपैयाँ भुक्तानी लिन बाँकी छ । पालिकाले आफ्नै भवनबाट सेवा दिन थालेपनि निर्माण कम्पनीले हस्तान्तरण भने गरेको छैन । गाउँपालिकाले हालसम्म साबिक फेदीखोला गाविसको भवन मर्मत गरेर कार्यालय र शाखाहरु सञ्चालन गर्दै आएको थियो ।

# मुस्ताङको दुर्गम साङ्ता गाउँमा सञ्चारको पहुँच विस्तार

**रासस**
मुस्ताङ, १ असार

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको पहलमा नेपाल दूरसञ्चार प्राधिकरणअन्तर्गत नेपाल टेलिकम जोमसोमले मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ साङ्तामा सञ्चारको पहुँच स्थापित गरेको छ ।

मुस्ताङ-डोल्पाको सिमाना नजिकै पर्ने साङ्ता गाउँ सङ्घीय सरकार द्वारा सन् २०२२ मा पत्ता लगेको विकट बस्ती हो । यो गाउँ जोमसोमबाट करिब ४० किलोमिटर टाढा पर्दछ । भौगोलिक रूपले विकट मानिएको भिरालो सतहमा अवस्थित साङ्ता गाउँमा १३ परिवारको बसोबास छ । यहाँ अघिल्लो स्थानीय तह निर्वाचनमा ३४ जना मतदाता थिए । कृषि र पशुपालनमा आश्रित साङ्ता गाउँ वारागुङ मुक्तिक्षेत्र-५ अन्तर्गत पर्दछ । सरकारी निकायको कम उपस्थित हुने यो गाउँमा पछिल्लो समय विकासले पाइला टेक्न थालेको छ । यसअघि अभाव, अशिक्षा र आर्थिक विपन्नताले कष्ठकर बनेको यहाँका नागरिकको दैनिक विस्तारै सहज बन्दै गएको हो । मुस्ताङ र डोल्पामा सडक विस्तार, सौर्य ऊर्जा पहुँचसँगै मोबाइल नेटवर्क सेवा सुरु हुन थालेपछि दैनिकी सहज हुने भन्दै स्थानीय उत्साहित भएका छन् । बर्सेनि सात महिना गाउँमा र पाँच महिना प्रतिकूल मौसमका कारण घुम्ती बासस्थान सार्ने गरेका यहाँका नागरिकमा अहिले भने आधारभूत सेवा प्रवाह हुन थालेसँगै आशाको सञ्चार पलाउन थालेको छ । नेपाल टेलिकमले वारागुङ मुक्तिक्षेत्र-२ को घिउलाडाँडामा रहेको माइक्रोवेभ रेडियो लिङ्कको रिपिटर टावरबाट जडान गरी साङ्ता गाउँमा मोबाइल फोन र थ्रिजी इन्टरनेट सेवा विस्तार गरिएको टेलिकम जोमसोमका कार्यालय प्रमुख हुमबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार बेस्ट ट्रान्समिसन स्टेसन (बिटिएस) जडान गरी सञ्चारको पहुँच स्थापित गरिएको हो ।

साङ्ता गाउँमा मोबाइलसँगै थ्रिजी इन्टरनेट सेवा सञ्चालन गर्न एक बिटिएस रिपिटर टावरसँगै अर्को मोबाइल सेवाको बिटिएस रिपिटर र भौतिक पूर्वाधार निर्माण सम्पन्न भई सेवा सञ्चालनमा आएको कार्यालय प्रमुख भुजेलले बताउनुभयो ।

सरकारको लक्ष्य अनुसार जनताले गुणस्तरीय सञ्चार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले साङ्ता गाउँमा मोबाइल नेटवर्क सेवा सञ्चालनमा ल्याइएको कार्यालय प्रमुख भुजेलले उल्लेख गर्नुभयो । मुस्ताङ-डोल्पा सडकको सिमावर्ती गाउँ साङ्तामा मोबाइल (बिटिएस) सेवा सुरु गर्न सौर्य ऊर्जा प्यानल जोडेर ४८ भोल्ट विद्युत् क्षमताको मोबाइल नेटवर्क सेवा सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो । गाउँमा पहिलो पटक नेपाल टेलिकमको (बिटिएस) मोबाइल सेवा सञ्चालनमा आएसँगै सञ्चार पहुँच विस्तारले जनजीवन सहज बन्ने स्थानीय छिरिङ पाल्साङ गुरुङले विश्वास व्यक्त गर्नुभयो । "पहिले बाहिर कसैलाई फोन गर्नुपरे एक घण्टा हिँडेर लेकमा जानुपर्थ्यो, अहिले गाउमा सञ्चार सेवा पुगेपछि समय र खर्चको बचत भएको छ", उहाँले भन्नुभयो ।

मोबाइल आपतविपत पर्दा सूचना थाहा पाउन र व्यावसायिक प्रयोजनमा पनि प्रयोग गर्न सकिने गुरुङको भनाइ छ । स्थानीय झप्याङ गुरुङले गाउँमा मोबाइल सेवा सुरु भएपछि समाचार पढ्न, फोन गर्न र कुनै सूचना प्राप्त गर्न सजिलो भएको बताउनुभयो । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिग्जिङ नाम्गेल गुरुङले जिल्लाको विकट गाउँ साङ्तामा मोबाइल सेवा सञ्चालनमा आएसँगै स्थानीयवासीमा आशाको सञ्चार भएको उल्लेख गर्नुभयो । गाउँमा मोबाइल सेवा सुरुभएसँगै प्रसूति र दीर्घरोगीका साथै यहाँ आउँजाउँ गर्ने सबैलाई सञ्चार सुविधाले सहज हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । "भौगोलिक विकटता र कम जनसङ्ख्या भएकाले यहाँ सञ्चार सेवा पुऱ्याउन सकेका थिएनौं । निरन्तरको प्रयासपछि सरकारले हाम्रो प्रयासलाई मूर्त रूप दिएको छ । यहाँका समस्या, चुनौती, विकास पूर्वाधारलगायत क्षेत्रको विकासमा सञ्चारले सहयोग पुऱ्याउने विश्वास छ", उहाँले भन्नुभयो । वारागुङ-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले साङ्ता गाउँमा जडान भएको मोबाइलको टावर र सञ्चार गृहको संरक्षणका लागि तारबारसहित संरचना निर्माण गरिने बताउनुभयो ।

मुक्तिक्षेत्रकी उपाध्यक्ष डिकी गुरुङले गाउँपालिकाको पहलमा अघिल्लो वर्ष सौर्य ऊर्जा विद्युत् र यो वर्ष मोबाइल सेवा सञ्चालनमा ल्याउन सफल भएको बताउनुभयो । "मुस्ताङको ९६ वटा गाउँमध्ये सबैमा विद्युत् र सञ्चारको पहुँच स्थापित हुँदा साङ्ता गाउँ भौगोलिक विकटताका कारण विद्युत् र सञ्चारको सुविधा पुग्न सकेको थिएन । यहाँका जनताले प्राप्त गर्ने आधारभूत सेवा सुविधा नहुँदा गाउँ विस्थापित हुने जोखिममा थियो", उहाँले भन्नुभयो । दुई वर्षमा साङ्ता गाउँमा सौर्य ऊर्जा, विद्युत् र टेलिकमको बिटिएस मोबाइल सेवा सञ्चालन हुँदा स्थानीय निकायका जनप्रतिनिधिसहित सबै भएका छन् । योसँगै नेपाल टेलिकमले मुस्ताङको सबै गाउँमा सञ्चारको पहुँच स्थापित गर्न भएको जनाएको छ ।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००१२८० | लोक माया आचार्य | काहुँ १, कास्की |
| २ | PLI १६१०००९४२५ | अस्मिता आचार्य | पोखरा २३, कास्की |
| ३ | GLI ००१००१८६३२ | नारायण बहादुर थापा | पोखरा २८, कास्की |


## गैह्र बैकिङ सम्पति लिलाम बिक्री सम्बन्धी सूचना ।

**प्रकाशित मितिः २०८२/०३/०२ (दोस्रो पटक)**

यस नवीन बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित गैह्र बैकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिणाममा छ सोहि अवस्था र परिणममा गोप्य शिलवन्दी मार्फत लिलाम बिक्री गरिने भएको हुँदा यस सूचना प्रकाशन गरिएको छ। उक्त सम्पति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ/संस्थाहरुले लिखित शर्त बन्देजको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी पेश गर्नका लागि यो सूचना मार्फत आव्हान गरिन्छ।

**लिलाम बिक्री हुने सम्पतिको विवरण**

| क्र.सं. | घर/जग्गाधनीको नाम | घर/जग्गा रहेको ठेगाना | कित्ता नं. | क्षेत्रफल(रोपनी/व.मि.) | कायम गरिएको न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| १. | नवीन बचत तथा ऋण सहकारी संस्था लि. | शिशुवा-५,कास्की | १७५७ | २-८-०-०/१२७१.८० | रु.५७,५०,०००।- (अक्षरुपीः सन्ताउन्न लाख पचास हजार मात्र) |
| २ | नवीन बचत तथा ऋण सहकारी संस्था लि. | भोटेपोखरी-७, कास्की | ५१६<br>५२०<br>५१७<br>५१९<br>५२४<br>५१४<br>५१८<br>५२३ | ३-०-३-२/१५५४.०५<br>१-३-३-२/६३१.९४<br>३-१२-०-०/१९०७.७०<br>२-७-२-०/१२५५.९१<br>२-९-२-०/१३१९.४९<br>१-१२-३-०/९१४.०७<br>१-३-३-०/६२७.९६<br>१-०-०-०/५०८.७४ | रु.३,५०,००,०००।- (अक्षरुपीः तिन करोड पचास लाख मात्र) |

**शर्त तथा बन्देजहरु**

१) गोप्य शिलबन्दी फारम संस्थाको कार्यालयबाट रु. ५००।०० (अक्षरेपी पाँच सय) मात्र फिर्ता नहुने गरी भुक्तानी पश्चात प्राप्त गर्न सकिनेछ।
२) माथि उल्लेखित सम्पतिको न्यूनतम मूल्य नघटाई निर्धारित समय सिमाभित्र गोप्य शिलबन्दी पेश गर्नुपर्नेछ।
३) गोप्य शिलबन्दी पेश गर्दा आफुले कवोल गरेको रकमको दश प्रतिशत रकम संस्थाको नाममा कामना सेवा विकास बैक लि.को खाता नं.००१००३००५४७४३८०००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
४) लिलाम बिक्री गर्ने घर/जग्गा स्थलगत रुपमा हेर्न चाहेमा कार्यालयमा सम्पर्क गरी कार्यलय समयमा हेर्न सकिनेछ।
५) घर/जग्गा नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च गोप्य शिलबन्दी जसलाई पछि स्वयम्ले बुझाउनु पर्नेछ।
६) गोप्य शिलबन्दी स्वीकृत भएको मितिले १५ दिनभित्र नामसारी गरी सक्नुपर्नेछ भने यदि तोकिएको समय सिमाभित्र नामसारी नगरेमा धरौटी रकम संस्थाले जफत गरी गोप्य शिलबन्दीमा जो दोश्रो व्यक्ति/फर्म/कम्पनी तथा संघ/संस्थाहरु रहेको छ उसैलाई नामसारी प्रक्रिया अगाडि बढाउनेछ।
७) लिलाम बिक्री हुने सम्पतिको विवरणको क्र.सं. १ र २ छुट्टाछुट्टै लिन चाहनेले कायम गरिएको न्यूनतम मूल्य छुट्टाछुट्टै गोप्य शिलबन्दी पेश गर्न सकिनेछ।
८) लिलाम सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ भने अन्य शर्तहरु लागु हुनेछन्।

| गोप्य शिलबन्दी पेश गर्ने | गोप्य शिलबन्दी खोल्ने |
|---|---|
| मिति : २०८२।०३।१६<br>समय : दिनको ५:०० बजे सम्म<br>स्थान : संस्थाको कार्यालय, पोखरा-४, गैह्रापाटन | मिति : २०८२।०३।१७<br>समय : दिनको ठिक १:०० बजे<br>स्थान : संस्थाको कार्यालय, पोखरा-४, गैह्रापाटन |

**नवीन बचत तथा ऋण सहकारी संस्था लि.**
NAVIN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
**पोखरा-४, कास्की**
**फोनः ०६१-५७४१८३, ५७४१७८**